कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं :०७७/७८
च.नं :

**प्रथम पटक प्रकाशित मितिः २०७७/०४/२३**

## करारमा कर्मचारी लिने सम्बन्धी सूचना

कुश्मा नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थामा कामकाज गर्ने गरी मिति २०७७ साल पौष मसान्त सम्मको लागि तपसिल बमोजिमका पदहरुमा करार सेवाको माध्यमबाट पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र नगरपालिकाले तोकेको ढाँचामा दरखास्त फाराम भरी यस नगरपालिकाको प्रशासन शाखामा बुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | विज्ञापन नं | पद/तह | सेवा/ समूह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०१-०७७/७८ | अ.न.मी/सहायक चौथो | स्वास्थ्य /प.हे.न | ३ (तीन) |

- **आवश्यक न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्ष उत्तिर्ण गरेको र नेपाल नर्सिङ्ग काउन्सीलमा दर्ता भएको हुनुपर्नेछ ।
- **दरखास्त दस्तुरः** रु. ३०० (तीन सय )
- **दरखास्त दिने अन्तिम मितिः** मिति २०७७/०५/०५ गते सम्म (यदि आवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट समेत दरखास्त फाराम बुझाउन सकिने छ )
- **परीक्षाको किसिमः** अन्तरवार्ता ( कुश्मा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ मा भएको व्यवस्था बमोजिम प्रारम्भिक सुचीकरणमा परेका उम्मेदवारलाई मात्र अन्तरवार्तामा समावेश गराइने छ ।)
- उम्मेदवारको उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनुपर्नेछ ।
- **तलबः** मासिक रु. २०,०००/- मात्र
- **अन्तरवार्ता हुने मितिः** प्रारम्भिक सुचीकरणको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।
- **पेश गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी , शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित काउन्सीलमा दर्ता/ नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी ,कार्य अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपी तथा अन्य कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।
- **दरखास्त फाराम र कार्यविधिः** कार्यालयको website www.kushmamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ साथै थप जानकारीका लागि कार्यालयको फोन नं ०६७-४२०१४१ मा सम्पर्क गर्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

विष्णुप्रसाद तिवारी
उप सचिव